# देवचुलि नगरापालिका
# नगरकार्यपालिकाको कार्यालय
# नवलपरासि (बर्दघाट सुस्तापुर्व)
## गण्डकि प्रदेश, नेपाल

## देबचुली नगरपालिकाको औषधि खरिद सम्बन्धिविधुतीयशिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०६/१९**

यस देबचुली नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकीहरु,आधारभूत स्वास्थ्य सेवाकेन्द्रहरुको लागि आबश्यक पर्ने औषधि खरिद गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि ईजाजत प्राप्त ईच्छुक औषधि कम्पनी,बिक्रेता तथा सप्लायर्सहरुबाट यो सूचना प्रकाशित मितिले१५ औ दिन (मिति २०७८/०७/०२) सम्म विधुतीय शिलबन्दी दरभाउ पत्रफाराम खरिद गरि PPMO को वेबसाइटwww.bolpatra.gov.np/egp. बाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१.विधुतीय शिलबन्दी दरभाउ पत्रखरिद गर्न आधिकारिक निवेदनका साथ निम्न कागजातहरुअनिबार्यरुपले समाबेश गरि PPMO को वेबसाइट www.bolpatra.gov.np/egp. मा अपलोड गर्नुपर्ने छ (क) औषधि व्यवस्था विभागबाट प्राप्त ईजाजत पत्रको प्रतिलिपि (ख) मु.अ.कर मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (ग) आ.ब. २०७७/०७८ सम्म कर चुक्ता भएको प्रमंपत्रको प्रतिलिपि (घ) फर्म वा ब्यबसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि (ङ) स्व घोषणा पत्र (छ) यस कार्यालयको राजश्व खाता नं. ०७७२०५००२९१६५००२ मा रु १०००/- तिरेको (फिर्ता नहुने गरि) बैंक भौचर स्क्यान गरि वेबसाइटमा अपलोड गर्नुपर्नेछ ।

२.रितपुर्बक खरिद भएकाविधुतिय शिलबन्दी दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन मिति (मिति २०७८/०७/०३) १२ बजे सम्म दर्ता गरि सक्नुपर्नेछ, सो शिलबन्दी बोलपत्र मिति २०७८/०७/०३ गते दिनको १.०० बजे यस कार्यालयमा खोलिने छ, शिलबन्दीदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनिखोल्न बाधा पर्ने छैन ।

३. रित नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

४. विधुतीय शिलबन्दी दरभाउ पत्र खरिद गरिनेअन्तिमदिन वा खोलिने दिन सार्बजनिक बिदा परेमा उक्त कार्यको भोलिपल्ट सोहि समयमा तोकिए अनुसारको कार्य हुनेछ ।

५. विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले देबचुली नगरपालिकाको कार्यालयको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा धरौटी रकम रु १२५०००/-(एक लाख पच्चीस हजार रुपैया मात्र)जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बोलपत्र जमानत (बिडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

६.विधुतीय शिलबन्दी दरभाउ पत्र पेश गर्दा रकम अंक र अक्षर दुबैमा अनिबार्य उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइनेछ

७. पेश भएका विधुतिय शिलबन्दी दरभाउ पत्र आंशिक,आइटमवाईज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८.खरिद गरिने औषधिको प्रयोग गर्ने अबधि यस कार्यालयको स्टोरमा दाखिला हुँदाका बखत कम्तिमा १८ महिना बाकि रहेको हुनुपर्नेछ, १८ महिना एस्कपाइर(expire)म्याद हुनेको हकमा कम्तिमा ७५% बाकि रहेको हुनुपर्नेछ ।

९. विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले आफुले दिन चाहेको औषधिको उत्पादक कम्पनि र उत्पादन भएको मुलुकको नाम प्रस्ट संग उल्लेख गर्नुपर्नेछ ।

१०. विधुतीय शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कबोल अंकको ५% ले हुन आउने रकम यस कार्यालय देबचुली नगरपालिकाको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का सर्त रहेको कुनै मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कार्य सम्पादन जमानत (पर्फर्मेन्स ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।

११.विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले सप्लाई गर्ने औषधि WHO/GMP Certified कम्पनीको हुनुपर्नेछ र ढुवानी तथा अन्य करहरु दरभाउ पत्र दाता स्वयंले व्यहोर्नुपर्नेछ

१२. विधुतीय शिलबन्दी दरभाउ पत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयले आबश्यकतानुसार थपघट गर्न सक्नेछ,थपघट भएता पनि विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा परिबर्तन गर्न पाउने छैन ।

१३. आफुले सप्लाई गर्ने प्रत्यक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ औषधिको प्याकिंग (स्ट्रिप,बोतल) बाहिर औषधिको जेनेरिक नाम,शक्ति, उत्पादन मिति,एस्कपाइरि मिति,ब्याच नं.,उत्पादक कम्पनीको नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि वा यो औषधि बिक्रिका लागि होइन भनि प्याकिंगमा स्पष्टसंग उल्लेख भएको हुनुपर्नेछ सो नलेखिएका औषधिहरु कार्यालयले लिने छैन ।

१४. सप्लाई हुने सबै झोल तथा पाउडर औषधीहरु प्लास्टिक बोतलमा प्याकिंग भएको हुनुपर्नेछ ।

१५.विधुतीय शिलबन्दी दरभाउ पत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपिहरू प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।

१६. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ

१७. अन्य आबश्यक कुरा बुझ्नुपरेमा कार्यालयसमयभित्र यस कार्यालयमा ०७८-५७५३९६ मा सम्पर्क राख्न सकिनेछ ।

तपसिल :

| सि.नं. | विवरण | ठेक्का न | लागत अनुमान रकम | धरौटी रकम |
|---|---|---|---|---|
| 1 | विभिन्न प्रकारका औषधि खरिद गर्ने कार्य | SQ/01/078/079 | रु ४१९९८९७।९२ | १२५०००।०० |

प्रमुख प्रशासकीय अधिकृत
देबचुली नगरपालिका